# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

मुख्य कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ

## उच्च सतर्कता अपनाउने सम्बन्धि सूचना

**प्रकाशित मिति:२०८३/०३/१७**

जल तथा मौसम विज्ञान विभागको सूचना अनुसार यही असार महिनामा मनसुनी गतिविधि सक्रिय भई भारी बर्षा हुने सम्भावना रहेको छ। यस अवधिमा आकस्मिक बाढी,पहिरो,नदी कटान ग्रेगान बहाव तथा डुबानको जोखिम समेत रहने भएकोले सम्भावित विपदलाई मध्यनजर गर्दै विपद् जोखिम व्यवस्थापनको लागि देहाय बमोजिमका कार्य गर्न गराउन सबैमा अनुरोध गरिन्छ ।

- सम्भावित जोखिमलाई मध्यनजर गर्दै पूर्व तयारी तथा प्रतिकार्यको लागि सम्बन्धित विभाग, महाशाखा, शाखा तथा शाखा कार्यालयहरूलाई तयारी अवस्थामा रहन जानकारी गराइन्छ।
- डुवानको जोखिम एंव नदी किनारामा रहेका खानेपानी प्रणालीहरु विशेष सतर्कता अपनाई संचालन गर्ने र डुबान र बाढीको जोखिम बढेमा सुरक्षित रुपमा सुरक्षित स्थानमा सर्ने ।
- सम्भावित विपद्का कारणले पानीका स्रोत, वितरण प्रणाली र पानी प्रशोधन केन्द्रमा असर पर्न सक्ने देखिएकोले खानेपानीका सम्पूर्ण प्रणालीहरू समेत उच्च जोखिममा छन। उक्त सम्भावित विपद्का कारणले खानेपानीको उत्पादन, प्रशोधन तथा वितरणमा केही समय अवरोध भई असुविधा हुन सक्ने व्यहोरा सम्पूर्ण उपभोक्ता वर्गमा अनुरोध छ ।
- विपद्को समयमा खानेपानीको गुणस्तर घट्ने तथा फोहोर पानी समेत प्रणालीमा आउन सक्ने उच्च जोखिम रहन सक्छ तसर्थ विपद्को समयमा आउने खानेपानीको गुणस्तरमा कुनै शंका लागेमा मो.नं. ९७०००००७१६, ट्याङ्कर सेवाको सुविधा लिनुपरेमा मो.नं. ९७०००००७३२ र तत्कालै सूचना आवश्यक भएमा मुख्य कार्यालयको टोल फ्रि टेलिफोन नं. १६६००१२२२०२ र मोबाइल नं. ९७०००००७१९ मा सम्पर्क राख्न समेत अनुरोध छ ।
- बर्षा, बाढी र पहिरोको कारणले खानेपानी प्रणालीमा क्षति भई सेवा अवरुद्ध भएमा अविलम्ब सेवा सुचारुको लागि कम्पनी तत्पर हुनेछ । काबु बाहिरको परिस्थितिका कारणले सेवा अवरुद्ध हुने अवस्था सिर्जना भएमा अविलम्ब website तथा महाशाखा ,शाखा, शाखा कार्यालयको Facebook Page मा सूचना सम्प्रेषण गरिनेछ ।
- जल तथा मौसम विज्ञान विभाग तथा राष्ट्रिय जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी हुने अध्यावधिक मौसम अनुमान, पूर्व सूचना तथा चेतावनीहरु नियमित रुपमा जानकारी लिई सावधानी अपनाउन सेवा प्रवाह गर्ने कर्मचारी, उपभोक्ता लगायत सबैमा हार्दिक अनुरोध गर्दछु ।

प्रबन्ध संचालक